विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०९/२९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा। | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन, २०७८) बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व.२०८०/०८१ मा गरेको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा स्वमूल्याङ्कन गरी जिल्ला समन्वय समितिको कार्यालय, मोरङबाट पृष्ठपोषण समेत भई प्रमुख प्रशासकीय अधिकृतबाट पेस भएको प्रारम्भिक एकीकृत नतिजा उपर बैठकमा छलफल र विश्लेषण गरेर सम्बन्धित विषयक्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरी स्वमूल्याङ्कनको अन्तिम नतिजामा प्राप्त कुल ८९.७५ अङ्क सर्वसम्मतिले अनुमोदन गरियो। |
| २ | विविध। | (क) विराटनगर महानगरपालिका र निजीक्षेत्रसँगको साझेदारीमा निजीक्षेत्रले नेतृत्व गरी सिपमूलक तालिम सञ्चालन गर्ने प्रयोजनार्थ सिपमूलक तालिम सञ्चालन कार्यविधि, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ख) विराटनगर महानगरपालिका र रुद्राक्ष बिल्डर्स, काठमाडौंबीच विराटनगर ११ स्थित बसपार्क (टर्मिनल भवनसहित) व्यवस्थापन तथा सञ्चालनका लागि ठेक्का सम्झौता गर्दा त्रैमासिक रुपमा ठेक्का रकम बुझाउनेगरी सम्झौता भएकोमा उल्लिखित कम्पनीले ठेक्काको किस्ता रकम मासिक दाखिला गर्न अनुरोध भइआएकोले प्रत्येक महिनाको ठेक्का रकम अर्को महिनाको ०७ गते भित्रमा दाखिला गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) महानगरपालिकाको आन्तरिक आय वृद्धिका लागि व्यवसाय दर्ता तथा नवीकरण, वहाल कर तथा सम्पत्ति कर सम्बन्धी अभिलेख तथा करदाता शिक्षा अभियानका लागि कार्यालयको राजस्व व्यवस्थापन महाशाखा मार्फत वडाहरूमा परिचालन हुने ६ (छ) जना स्वयंसेवकहरूलाई यातायात तथा खाजा खर्च वापत दैनिक रु.८५०।- (आठ सय पचास) उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) महानगरपालिकामा हाइटेन्सन विद्युत लाइनको क्षेत्र एवम् साना गल्लीमा निर्माण इजाजत नलिई बनेका (नक्सा पास नभएका) भवनलाई करको दायरामा ल्याउने प्रयोजनार्थ आवश्यक अध्ययन गरी प्रतिवेदन पेस गर्न वडा नं. ८ का वडा अध्यक्ष श्री राम पोखरेलको संयोजकत्वमा अधिकृत आठौं श्री सरोज कुमार गौतम (राजस्व व्यवस्थापन महाशाखा) र इन्जिनियर (अधिकृतस्तर आठौं) श्री गोपाल पोखरेल (भवन तथा भवन संहिता एवम् निर्माण इजाजत शाखा) सदस्य रहनेगरी समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सो कार्यका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयको अमिन खटाउन समितिलाई अनुमति प्रदान गर्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ङ) महानगरपालिकाको सेवा प्रवाहका लागि आवश्यक भई सम्बन्धित विषयगत समिति एवम् विधेयक समितिको सिफारिस सहित पेश भएका देहायका कार्यविधि/निर्देशिका/मापदण्डहरू नेपालको संविधानको २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्वीकृत गरी लागु गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) बाल कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१<br>(२) बाल क्लब तथा बाल क्लब सञ्जाल गठन तथा सञ्चालन निर्देशिका, २०७८ को पहिलो संशोधन, २०८१<br>(३) किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन कार्यविधि, २०८१<br>(४) महिलाहरूलाई तीन पाङ्ग्रे अटो तथा इ-रिक्साका लागि अनुदान एवम् बिउपूँजी वितरण सम्बन्धी मापदण्ड, २०८१<br>(५) अस्थायी तथा करार कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा समावेश गर्ने सम्बन्धी कार्यविधि, २०८१<br>(६) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन, २०८१ |

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश